☎ फोन नं.: 9855048897, 9855036412
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, बारा

## कृषि तथा पशुपंक्षी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

**सूचना प्रकाशित मिति : २०८०/११/१५**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, बारा को चालु आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत **"कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०"** बमोजिम योग्यता पुगेको इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र (२०८०/१२/१४ गतेभित्र) कलैया, बारा स्थित यस कार्यालय वा बिरगंज, पर्सा स्थित सम्पर्क कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि -३ अनुसारको ढाँचामा कार्यक्रम माँग गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपशिल :**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक/कृषि उद्यमी | बारा र पर्सा जिल्लाभरि | कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम (आवश्यकता प्राथमिकीकरण/घटाउन सकिनेछ) | स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कूल लागतको बढीमा पचास प्रतिशत वा प्रति प्रस्ताव बढीमा चाल लाख रुपैया नबढनेगरी र अनुदान सहयोग रकम बढीमा दुई किस्तामा शोधभर्ना गरिने । |

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि -३ बमोजिमको प्रस्ताव (आवश्यकतानुसार थप गर्न सकिने)।
२. निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि तथा निवेदकको तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकता/आधिकारिक परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि)।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा ऐलानी भएमा स्थानिय तहको सिफारिस तथा भाडा/अधिया/भोकबन्दीमा जग्गा भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित स्थायी संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि गरिएको आधिकारीक सम्झौतापत्रको प्रतिलिपि)
४. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि र उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को कर चुक्ता विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु।
५. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित संस्थाको सिफारिस पत्र।

**नोट :** विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, कलैया, बाराको वेभसाईड, सूचना पाटी तथा न.पा./गा.पा. को सूचना पाटीमा हेर्नु होला तथा मोबाईल नं.९८५५०३६४१२, ९८५५०४६८३५, ९८५५०४८८९७, मा सर्म्पक राख्न हुन अनुरोध छ।

........................
कार्यालय प्रमुख

प्रदिप ठाकुर बरही
ब.क.अ.